# माधव नारायण नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ३ संख्या : ०५ मिति : २०७७/०९/२२

## भाग-२

## माधव नारायण नगरपालिका

# माधव नारायण नगरपालिकाको

# पशु पंक्षि तथा मत्स्य फार्म दर्ता निर्देशिका, २०७७

माधव नारायण नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
माधोपुर,रौतहट

# पशु पंक्षि तथा मत्स्य फार्म दर्ता निर्देशिका, २०७७

**प्रस्तावना :**

माधव नारायण नगरपालिका क्षेत्र भित्र समग्र कृषि विकासमा संलग्न विभिन्न निकायहरु मार्फत कृषकहरुलाई समय सापेक्ष कृषि प्रसार सेवाटेवा सरल, सहज, सुलभ, मितव्ययी एवम् ग्रहण योग्य तवरले उपलब्ध गराउन कृषि उत्पादन प्रणालीमा एउटा सुसंगठित व्यवस्था र पद्धतिको विकास गरी समुचित रुपबाट अगाडि वढाउनको लागि  व्यवसायीक रुपमा पशुपंक्षि तथा मत्स्य पालन गरिरहेका कृषकहरुको गाई, भैसि, भेडा, कुखुरा,हास, वंगुर,मत्स्य,  घास लगायतको पशु पंक्षि संग सम्वन्धित फार्म दर्ता गर्न  स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को (५) ले दिएको अधिकार प्रयोग गरी माधव नारायण नगरपालिका, नगर कार्यपालिकाबाट यो निर्देशिका जारी गरी लागु गरिएको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो निर्देशिकाको नाम “माधव नारायण नगरपालिकाको पशु पंक्षि तथा मत्स्य फार्म दर्ता निर्देशिका, २०७७” रहेको छ ।

ख) यो निर्देशिका नगर कार्यपालिकाबाट पारित भएपछि लागू हुनेछ ।

**२. परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) “नगरपालिका” भन्नाले माधव नारायण नगरपालिकालाई सम्झनु पर्दछ ।

ख) “कृषक” भन्नाले कृषि उत्पादनमा प्रत्यक्ष संलग्न भएको व्यक्तिलाई जनाउँदछ ।

ग) “वडा” भन्नाले माधव नारायण  नगरपालिकाको वडालाई सम्झनु पर्दछ ।

घ) “संविधान” भन्नाले नेपालको संविधान सम्झनु पर्दछ ।

ङ) “फार्म ” भन्नाले जात अनुसार तोकिएको संख्यामा पालिएको पशु पंक्षीलाई दर्ता गराई संचालनमा रहेकोलाई जनाउँदछ ।

**३. उद्देश्य :** कृषक हरुलाई पशु पंक्षि सम्वन्धि कार्यक्रममा  सघाउ पुऱ्याउनका लागि यस निर्देशिकाको तपसिल अनुसारका उद्देश्यहरु रहेका छन् :

क) प्रत्यक्ष रुपमा उत्पादनमा संलग्न कृषकहरुलाई समन्वय, व्यवस्थापन र नियमन गर्नका लागि सहयोग पुऱ्याउने ।

ख) कृषि/पशु प्रसार व्यवस्थापन, सञ्चालन र नियमन सम्बन्धी कार्यमा सहयोग पुऱ्याउने ।

ग) विभिन्न कार्यक्रम सञ्चालनका लागि आवश्यक मापदण्ड र प्रक्रियाको मार्गदर्शन गर्ने ।

घ) व्यवसाय उन्मुख कार्यक्रम संचालन गर्न ।

ङ) व्यवसायीक कृषकहरुलाई पशु पंक्षि तथा मत्स्य सम्वन्धि अनुदान लगाएतका कार्यक्रमहरु संचालन गर्न  ।

# परिच्छेद-२

## फार्म दर्ताका आधारहरु,

## व्यवसायीक पशुपंक्षी फार्म

**(४) व्यवसायीक गाई फार्म :**

कम्तिमा पाँच वा सो भन्दा बढी दुधालु गाई पाल्ने व्यवसायीहरुको व्यवसायीक गाई फार्म दर्ता गरिने छ । यसरी गरिने फार्मलाई तीन भागमा वाढिने छ ।

| तालिका नं. १ व्यवसायीक गाई फार्म | | |
|---|---|---|
| फार्मको बर्गिकरण | दुधालु गाईको संख्या | |
| साना | ५ देखि १० सम्म | |
| मझौला | ११ देखि ३० सम्म | |
| ठुला | ३१ भन्दा माथी | |

**(५) व्यवसायीक भैंसी फार्म :**

कम्तिमा पाँच वा पाँच भन्दा बढी दुधालु भैंसी पाल्ने व्यवसायिहरुको व्यवसायीक भैसी फार्म दर्ता गरिने छ । यसरी गरिने फार्मलाई तीन भागमा वाढिने छ ।

| तालिका नं. २ : व्यवसायीक भैंसी फार्म | | |
|---|---|---|
| फार्मको बर्गिकरण | भैंसीको संख्या | |
| साना | ५ देखि १० सम्म | |
| मझौला | ११ देखि ३० सम्म | |
| ठुला | ३० भन्दा माथी | |

**(६) व्यवसायिक बाखा फार्म :**

वीस वा सो भन्दा बढी प्रजन्न योग्य माउ बाखा पाल्ने व्यवसायिक वाखा पालन फार्म दर्ता गरिनेछ । यसरी गरिने फार्मलाई तीन भागमा वाढिने छ ।

| तालिका नं. ३ : व्यवसायीक बाखा फार्मको लागि | | |
|---|---|---|
| फार्मको बर्गिकरण | प्रजन्न योग्य माउ बाखाको संख्या | |
| साना | २० देखि ५० सम्म | |
| मझौला | ५१ देखि १०० सम्म | |
| ठुला | १०१ भन्दा माथी | |

**(७) व्यवसायिक भेडा फार्म :**

बिस वा सो भन्दा बढि प्रजन्न योग्य माउ भेंडा पाल्ने व्यवसायिक वाखा पालन फार्म दर्ता गरिनेछ । यसरी गरिने फार्मलाई तीन भागमा वाढिने छ ।

| तालिका नं. ४ : व्यवसायीक भेडा फार्मको लागि | | |
|---|---|---|
| फार्मको बर्गिकरण | प्रजन्न योग्य माउ बाख्राको संख्या | |
| साना | २० देखि ५० सम्म | |
| मझौला | ५१ देखि १०० सम्म | |
| ठुला | १०१ भन्दा माथी | |

**(८) व्यवसायिक बंगुर फार्म :**

पाठापाठी उत्पादनको लागि पाँच वा सो भन्दा बढी माउ बंगुर पाल्ने व्यवसायी वगुर फार्म दर्ता गरिने छ । मासु उत्पादनको हकमा १५ वा सो भन्दा बढी बंगुर पाल्ने कृषक व्यवसायिकहरुको व्यवसायीक फार्म दर्ता गरिने छ । यसरी गरिने फार्मलाई तीन भागमा वाढिने छ ।

| **तालिका नं. ५ : व्यवसायीक बंगुर फार्म( पाठापाठी) को लागि** | | |
|---|---|---|
| फार्मको बर्गिकरण | माउँ बंगुरको संख्या | |
| साना | ५ देखि १० सम्म | |
| मझौला | ११ देखि ३० सम्म | |
| ठुला | ३० भन्दा माथी | |
| **तालिका नं. ६ : व्यवसायीक बंगुर फार्म(मासु) को लागि** | | |
| फार्मको बर्गिकरण | बंगुर संख्याको | |
| साना | १५ देखि ४५ सम्म | |
| मझौला | ४६ देखि ६० सम्म | |
| ठुला | ६१ भन्दा माथी | |

**(९) व्यवसायिक कुखुरा फार्म :**

एक पटकमा २०१ वा सो भन्दा बढी कुखुरा पाल्ने व्यवसायिकहरुको कुखुरा फार्म दर्ता गरिने छ। यसरी गरिने फार्मलाई तीन भागमा वाढिने छ।

| तालिका नं. ७ : लेयर्स,ब्रईलर,प्यारेन्टको फार्मको लागि | | |
|---|---|---|
| फार्मको बर्गिकरण | बंगुर संख्याको | |
| साना | २०१ देखि १००० सम्म | |
| मझौला | १००१ देखि ५००० सम्म | |
| ठुला | ५००१ देखि १०,००० सम्म | |

| तालिका नं. ८ : व्यवसायीक पाडा फार्मको लागि | | |
|---|---|---|
| फार्मको बर्गिकरण | पाडाको संख्या | |
| साना | २० देखि ५० सम्म | |
| मझौला | ५१ देखि १०० सम्म | |
| ठुला | १०१ भन्दा माथी | |

**(१०) व्यवसायिक मत्स्य  फार्म :**

व्यवसायीक मत्स्य फार्मको हकमा संघिय तथा प्रादेशित कार्यविधि अनुसार दर्ता गरिने छ।

## परिच्छेद ३
## फार्म दर्ताको लागि आवश्यक कागजातहरु

**(११) अनुसुचि २ अनुसारको निवेदनको साथमा संलग्न हुनु पर्ने कागजातहरु**

- नागरिकताको फोटोकपि
- सम्वन्धित वडाको सिफारिस
- पशु सेवा शाखाको सिफारिस
- विमा गरिएको कागजातको फोटोकपि
- अन्य निकायमा दर्ता भएको भए दर्ताको फोटोकपि
- तोकिएको ढाचामा निवेदन

**अनुसुचीं. १**

चन्द्रपुर नगरपालिका
नगर कार्यपालिको कार्यालय

# पशु सेवा शाखा

चन्द्रनिगाहपुर,रौतहट

**व्ययसायीक ...........फार्म दर्ता प्रमाण पत्र**

१. दर्ता नं. :-                    दर्ता मिति :

२. फार्मको नाम :-

३. फार्म धनिको नाम :

३. फार्मको किसिम :-

४. फार्मको उद्देश्य :

५. फार्म रहने ठेगाना :-

जिल्ला :-

नगरपालिका :

वडा नं. :-

टोल :-

सम्पर्क नं.

६. जम्मा पशु । पंक्षिको संख्या :-

७.  माउ :- .......................      पाठापाठी/पाडापाडी/वाच्छा वाच्छी : .................

अन्य :

तयार गर्ने :                शाखा प्रमुख                कार्यालय प्रमुख

## अनुसूची-२
## पशु पंक्षि फार्मको दर्ताको लागि निवेदन

श्री मान कार्यालय प्रमुख ज्यू ,
माधव नारायण नगरपालिका
माधोपुर, रौतहट ।

विषय : फार्म दर्ता सम्वन्धमा

श्री ............................ शाखा/संस्थाको सहयोगमा म/हामी आफै संगठित भई माधव नारायण नगरपालिका वडा नं..........मा गठन भएको मेरो /हाम्रो....................फार्म दर्ता गरी पाउन निम्न विवरणहरु संलग्न गरी नेपाली नागरिकताको प्रतिलिपि सहित यो निवेदन गरिएको छ ।

............................
कृषकको दस्तखतः

कृषकको नाम :
फार्मको नाम :
मिति :-

**संलग्न कागजातहरु**

१. नागरिकताको फोटोकपि थान १
२. वडाको सिफारिस थान १
३. सम्वन्धित शाखाको सिफारिस थान १
४. अन्यत्र दर्ता भएको भए सो को फोटो कपि
५. हालसालै खिचिएको पासपोर्ट साइजको फोटो २ प्रति
६. फार्ममा रहेको पशु पंक्षि संख्या : माउ ................... अन्य ............. जम्मा :....................

**आज्ञाले,**

**प्रलव कायस्थ**

**प्रमुख प्रशासकीय अधिकृत**